आ. व. २०८२/०८३ को कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी

# कृषि ज्ञान केन्द्र, मनाङको सूचना

(प्रथम पटक प्रकाशन मिति २०८२।०५।२३)

कृषि ज्ञान केन्द्र, मनाङको आ.व. २०८२/०८३ को बार्षिक कार्यक्रम अनुसार निम्न कार्यक्रम संचालन गर्न इच्छुक मनाङ जिल्ला भित्रका कृषक संघ/संस्थाहरुले मिति २०८२ असोज २६ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालय वा सम्बन्धित स्थानीय तहको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क. सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत (अधिकतम) | लक्ष्य | बजेट (रु. लाखमा) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने) |
|---|---|---|---|---|---|
| क | कृषि फर्म, कृषि कम्पनी, कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाहरुको लागि | | | | |
| १ | फलफूल बगैचा स्थापना तथा बिस्तार कार्यक्रम | ५०-९० | ५ हे. | ७.५ | कृषि फर्म/कम्पनीको हकमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी लाभान्वित हुने गरी कम्तीमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने। |
| २ | फलफूल बगैचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | | ६ हे. | ३.६ | |
| ३ | उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास कार्यक्रम | ७५ | २५ रोपनी | २७.५ | कृषि फर्म/कम्पनीको हकमा कम्तिमा १ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई घटिमा १० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने। (१ व्यक्तिः १ रोपनी) |
| ४ | फलफूल नर्सरी स्थापना तथा संचालन कार्यक्रम | ५० | १ संख्या | ५ | जालीघरमा कम्तीमा १ रोपनी र खुल्लामा कम्तीमा २ रोपनी क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्ने। |
| ५ | समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ५ हे. | ६.५ | कृषि फर्म/कम्पनीको हकमा २० रोपनी (एउटै क्लष्टरमा हुनपर्ने) र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी लाभान्वित हुने गरी कम्तीमा ३० रोपनी (प्रत्येक घरधुरीले कम्तीमा १ रोपनी) क्षेत्रफलमा खेती गर्नुपर्ने। |
| ६ | प्राङ्गारिक मल व्यवस्थापन कार्यक्रम | ७५ | १ पटक | १० | कृषि फर्म/कम्पनी/कृषि समूह/सहकारी |
| ७ | कृषि उद्यम विकास कार्यक्रम | ५० | ३ संख्या | १५ | कृषि उपजको ग्रेडिङ, प्याकेजिङ र लेबलिङ जस्ता मूल्य अभिवृद्धि गर्ने क्रियाकलाप संचालन गर्नुपर्ने। |
| ८ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | ५०-९० | १ पटक | ५ | कृषि फर्म/कम्पनीको हकमा १० रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा ७ घरधुरी लाभान्वित हुने गरी कम्तीमा १५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने। व्यक्तिगत कृषकको हकमा एकै क्लष्टरमा कम्तीमा ५ रोपनी |
| ९ | ग्रामिण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ३ संख्या | १५ | होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुनाघर रहेको वडाका कृषि फर्मको हकमा (तरकारी/रैथानेबाली/मसला तथा निर्यातजन्यबालीका लागि ५ रोपनी र फलफूलका लागि १० रोपनी), कृषक समुह तथा सहकारीको हकमा (तरकारी/रैथानेबाली/मसला तथा निर्यातजन्यबालीका लागि २० रोपनी र फलफूलका लागि ३० रोपनी) क्षेत्रफलमा खेती गर्नुपर्ने। |
| १० | उत्कृष्ट कृषक पुरस्कार वितरण | | १ पटक | .७५ | कृषि तथा पशुपन्छीपालन व्यवसायमा संलग्न ४ जना कृषक पुरस्कृत गरिने |
| ख | कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाहरुको लागि मात्र | | | | |
| १ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम | ९० | १ संख्या | ५ | कम्तीमा २५ घरधुरी संलग्न भई खाद्य तथा पोषण सुरक्षा सुनिश्चितताका लागि विविध कार्यक्रम गर्नुपर्ने। |

**तपसिल: आवश्यक कागजातहरु**

१. रु १०/- को हुलाक टिकट टाँस गरेको निवेदन २. प्रस्तावना फारम ३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

४. जग्गा धनीको लालपुर्जाको प्रतिलिपी वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपी

५. वडा कार्यालयको वा सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिस पत्र

६. फर्म, समुह, संस्था, समिति, कम्पनी वा सहकारीका देहायका कागजातहरु (दर्ता/स्थापना सम्बन्धी कागजातहरुको प्रतिलिपी, नविकरण प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी, बैठकको निर्णयको छायाँकपी, पछिल्ला दुई आर्थिक वर्षमा कृषि सम्बन्धी कार्यको लागि कुनै कार्यालयबाट अनुदान प्राप्त गरे नगरेको स्वघोषणा पत्र)

**थप जानकारीको लागि**

*पुनश्चः माथि उल्लेखित कार्यक्रमहरु गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१ र गण्डकी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ। साथै आवश्यक कागजात बिना प्राप्त आवेदन एवम् तोकिएको समय सीमा पश्चात प्राप्त आवेदनहरुमाथि कुनै कारबाही गर्न कार्यालय बाध्य हुने छैन। कार्यक्रमको निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट उपलब्ध हुनेछ साथै कार्यालयको website:manang.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।* कार्यालय फोन नं. ०६६-४४०२१३, प्रमुख: ९८५६०३६४४५, सूचना अधिकारी: ९८५६०४९४०३

Scanned with CamScanner